# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या १३) फाल्गुन ४ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## हात स्वच्छता सम्बन्धी कार्यबिधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/१०/०४

**प्रस्तावना,**

**नेपालको संविधानको मर्म बमोजिम खानेपानी र सरसफाइ सुविधालाई नागरिकको मौलिक अधिकारको रुपमा प्रत्याभूत गरिएको छ । यस अभियानको सफलता तथा पूर्ण सरसफाईको अवस्था प्राप्त गरी तोकिएको समय सीमा भित्रै नेपाल सरकारको दिगो बिकास लक्ष्य प्राप्त गर्न सबै सरोकारवालाहरुको सहकार्य तथा सहभागितामा यो अभियानलाई तिब्र बनाउन आवश्यक छ । यस अभियानको सफलताबाट मान, प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धि प्राप्त हुने हुंदा सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ । यस प्रयासलाई निरन्तरता दिनको लागि सरसफाइको लागि अति महत्वपूण विषय हात सरसफाइ रहेकोले यसको प्रभावकारिता अभिबृद्धि गर्न,**

**चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को दफा ९७ को अधिकार प्रयोग गरी हात स्वच्छता कार्यबिधि २०८० बनाई लागू गरिएको छ ।**

**उद्देश्य** : यो कार्यविधिको उद्देश्य निम्न बमोजिम रहेको छ :

(क) आम समुदाय तथा लक्षित बर्गलाई उपयुक्त बिधिबाट हात सरसफाई को लागि हात धुन सिकाउनु ।

(ख) हातबाट सर्ने विभिन्न प्रकारका सरुवा रोग न्यूनिकरण गरी स्वस्थ्य समाजको निर्माण गर्ने ।

**१. संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यो कार्यविधिको नाम "हात स्वच्छता सम्बन्धी कार्यबिधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा





(क) "सरसफाइ" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ । सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउदछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य नै सफाइ हो भन्ने सम्झनुपर्दछ ।

(ख) "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई सम्झनुपर्दछ ।

(ग) "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई सम्झनुपर्दछ ।

(घ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई सम्झनुपर्दछ ।

**३. हात धुनु पर्ने समय :** सामान्यतया कुनै पनि प्रकारबाट हात फोहर हुंदा धुनु पर्दछ । तर पनि बिशेषतः निम्न अवस्थामा हात अनिवार्य धुनु पर्दछ :-

- शौचालयको प्रयोग गरिसकेपछि,
- खाना खानुभन्दा अगाडी तथा खाईसकेपछि,
- फोहोर मैला छोएपछि,
- घरपालुवा वा अन्य जनावरहरूलाई छोएपछि,
- बालबालिकाको डाईपर फेरेपछि वा उनीहरूलाई शौच कार्य गराईसकेपछि,
- हात फोहोर भएको अवस्थामा,
- नाक सफा गरेपछि, खोकेपछि वा हाच्छ्यु गरेपछि,
- सार्वजनिक यातायात, बजार वा धार्मिक स्थलहरूजस्ता सार्वजनिक स्थानहरूमा गएर फर्केपछि,
- नगद-पैसा लगायत घर बाहिरका अन्य वस्तु छोएपछि,
- अस्वस्थ व्यक्तिको हेरचाह गर्नुभन्दा पहिला तथा गरिसकेपछि,
- खाना खानुभन्दा अगाडी तथा खाईसकेपछि ।

**४. स्वास्थ्य कर्मीहरुले हात धुनु पर्ने :** स्वस्थ्य संस्थामा कार्यरत स्वस्थ्य कर्मी, स्वयंसेवक तथा अन्य सहयोगीहरु प्रत्यक्ष रुपमा बिरामीको संपर्कमा आउने हुदा कोभिड लगायत अन्य बिभिन्न सरुवा रोगरुको संक्रमणको उच्च जोखिम हुन्छ । त्यसकारण स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्य कर्मी तथा अन्य सहयोगीहरुले निम्नानुसार हात धुनु पर्दछ :-

- बिरामीलाई छोए पछि,
- बिरामीको शरिरमा छोईने कुनै उपकरणको प्रयोग पश्चात्,
- बिरामीले प्रयोग गरेको कुनै चिज छोएमा वा प्रयोग गरेमा,
- बिरामी को रगत, अन्य पदार्थ छोए पश्चात् ।

**५.सरसफाइ कर्मचारीहरुले हात धुने :** फोहर मैला व्वस्थापन, मानव मलमुत्र संकलन, ढुवानी तथा बिसर्जन लगायत यस्तै प्रकृतीका काम मा संलग्न कम्र्मचारी तथा कामदारहरुले निम्नानुसार हात धुनु पर्दछ :-

- फोहर मैला छोए पछी,
- संकलन तथा ढुवानी पश्चात,
- प्रशोधन पश्चात,
- पञ्जा लगाएको भए पञ्जा निकाल्ने बित्तिकै ।

**<u>६. हात धुने तरिका :</u>** हात धुने कार्य सहि तरिकाबाट नगर्दा हात सफाइले पूर्णता नपाउने र हात स्वच्छ सफा नहुने हुंदा हात सफाइका निम्न प्रकारबाट सफा गर्नु पर्दछ :-

पहिलो चरण – बगिरहेको पानीमा हात भिजाउने,
दोस्रो चरण – भिजेको हातमा मनग्गे साबुन लगाउने,
तेस्रो चरण – हत्केलाको पछाडि, औंलाको बीच, नङको भित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसाग मिच्ने,
चौथो चरण – बगिरहेको पानीले राम्ररी हात पखाल्ने,
पााचौ चरण – सफा कपडा, कागजी रुमाल वा सफा तौलियाले हात सुकाउने ।

**<u>७. हात धुने समयावधी :</u>** हात धुंदा निश्चित समय सम्म मिचि मिचि धुनु पर्दछ । यस कार्यविधिको दफा (४) मा लेखिएको बिधि अवलम्बन गरी हात धोएमा मात्र हात सफा र स्वच्छ हुन्छ । यसरी धुनको लागि कम्तीमा २० सेकेण्ड लाग्ने हादा हात धुने समयावधी कम्तिमा २० सेकेण्ड तोकिएको छ ।

**<u>८. हात धुने स्थानको व्यवस्था :</u>** शौचालय, होटोल, रेष्टोरेन्ट, सभा, हल, व्यवसायीक भवन, कार्यालय, बिद्यालय, मठ मन्दिर लगायत आम मानिसहरुको भेला हुने स्थानमा हात धुने स्थानको व्यवस्था गर्ने दायित्व सम्बन्धित निकाय को हुनेछ । हात धुने ठाउामा सफा पानी को निरन्तर आपुर्ति तथा साबुनको उपलब्धता हुनु पर्नेछ ।

**<u>९. हात सुकाउने ड्रायर वा सफा रुमाल राखिएको हुनुपर्ने :</u>** जिवाणुहरू सुख्खा छाला भन्दा भिजेको छाला मार्फत सजिलोसाग सर्ने हुनाले हातलाई पूर्ण रूपले सुकाउनु अत्यन्तै जरूरी छ । कागजी रुमाल वा सफा कपडाले पुछ्नु नै जिवाणु एक सतहबाट अन्यमा फैलिनबाट रोक्ने प्रभावकारी उपाय हो । तसर्थ, हात धुने स्थानमा हात सुकाउनको लागि बिधुतिय ड्रायर, सफा रुमाल वा नेपकिन पेपर (कागजी रुमाल) राखिनु पर्दछ ।

**<u>१०. अल्कोहल रहित स्यानिटाईजरको प्रयोग :</u>** पछिल्लो समय कोभिडको महामारीले गर्दा अल्कोहल रहित स्यानिटाईजरको प्रयोग लोकप्रिय बन्दै गईरहेको छ । साबुन पानी र हात धुने स्थानको अभावमा यो अल्कोहल रहित स्यानिटाईजर धेरै नै उपयोगी सिद्ध भएको छ । स्यानिटाईजरले जिवाणु मार्नको लागि स्यानिटाईजरमा करिब ६० प्रतिसत अल्कोहल हुनु आवश्यक छ ।

**<u>११. हात स्वच्छता अनुगमन समिति :</u>** (१) यस कार्यविधि बमोजिम हात स्वच्छताको प्रभावकारीताबारे नियमित अनुगमन तथा निरिक्षण गर्नको लागि देहायबमोजिम एक अनुगमन टोली रहनेछ :-

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता समितिको संयोजक –संयोजक
(ख) सरसफाइको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघ संस्थाको प्रतिनिधि –सदस्य
(ग) नगर पालिकाको (WASH Focal Person) वास शाखा प्रमुख – सदस्य सचिब

(२) यसरी अनुगमन गर्नको लागि यस कार्यविधिको अनुसूची १ बमोजिम अनुगमन फाराम र अनुसूची २ बमोजिम चेकलिस्टको प्रयोग गरिनेछ । अनुगमनका लागि बिभिन्न बस्ति, निकाय, सुविधा केन्द्रहरुबाट नमुना अनुगमन गरि सो को प्रतिवेदन NWASH MIS मा समावेश गर्नु पर्दछ ।

**<u>१२. गुनासो तथा समस्या :</u>** हात स्वच्छताको प्रभावकारिता वृद्धिका लागि हात धुने स्थान, हात धुने सुबिधासंग सम्बन्धित कुनै पनि प्रकारका गुनासो वा समस्यालाई तत्काल समाधान गर्ने व्यवस्था नगरपालिकाले



खण्ड ६ (संख्या १३) फाल्गुन ४ गते २०८०

गर्नु पर्दछ ।

**<u>१३. गुनासो तथा समस्या व्यवस्थापन :</u>** (१) कुनै स्थानमा रहेको हात सफाइको लागि तयार पारिएको पूर्वाधार बिग्रे वा त्यसमा हुनुपर्ने साबुन पानी जस्ता अत्यावश्यक सुविधाहरु उपलब्ध नभइ हात स्वच्छता अबरुद्ध भएको गुनासो वा समस्या आम उपभोक्ताहरुलाई सम्बन्धित अधिकारी समक्ष टिपाउने वा सुचित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(२) कुनै स्थानमा हात धुने सुबिधा अवरुद्ध भएको अनुगमनका क्रममा पाइएमा वा आम उपभोक्ताबाट जानकारी प्राप्त भएमा तत्कालै बनाउने व्यवस्था मिलाउनु पर्दछ ।

**<u>१४. स्थानीय युवा सरसफाइ टोली बनाउन सकिने :</u>** स्थानीय स्तरमा तयार पारिएका हात स्वच्छता सुबिधालाई निरन्तर रुपमा संचालन गर्न स्थानीय युवा टोली बनाउन सकिनेछ ।

**<u>१५. प्रतिवेदन तयार गर्ने :</u>** हात स्वच्छता सम्बन्धमा भए गरेका प्रयास तथा अवस्था बारे बार्षिक प्रतिवेदन तयार गरिने छ । प्रतिवेदन तथा तथ्यांक ल्ध्ब्क्ज :क्ष्व मा संलग्न गरिनेछ ।

**अनुसूची–१**

(दफा ११ को उपदफा (२) साग सम्बन्धित)

**अनुगमन फाराम**

**<u>सामुदायिक वा सार्वजनिक शौचालय मापदण्ड</u>**

| | |
|---|---|
| बाल मैत्री | ढोका समात्ने ह्याण्डल तथा प्यान बालबालिकाले समात्न सक्ने हुनु पर्दछ । |
| अपाङ्गता मैत्री | • शौचालयमा प्रवेश गर्नको लागि खुड्किलो नराखि ह्वील चेयरबाट जान स हुनुपर्छ ।<br>• भित्तामा समात्नको लागि रेलिंग राखिएको हुनुपर्छ ।<br>• शौचालय कोठामा ह्वील चेयर पस्न र घुमाउन मिल्ने ठाँउ हुनु पर्दछ ।<br>• ढोकाको ह्याण्डल, चुकुल तथा बस्ने सिट प्यान बैशाखी वा ह्वील चे प्रयोगकर्तालाई सहज हुने गरि बनाइएको हुनु पर्छ ।<br>• शौचालयमा दृष्टि विहिन मानिसलाई सहज हुने गरि बाटोको निर्देश दिइएको शौचालय प्रयागमा सह जगर्ने संकेत राखिएको हुनु पर्नेछ । |
| लैङ्गिक मैत्री | • शौचालय महिला पुरुष तथा तेश्रो लिङ्गीलाई समेत हुने गरि छुट्टा छुट्टै बना पर्दछ ।<br>• शौचालयमा महिनावारी स्वच्छतालाई मध्यनजर गर्दै स्यानिटरी प्याड फाल्ने ि बक्स राखिएको हुनु पर्दछ । |
| हात धुने स्थान | • सबै प्रकारका प्रयोग कर्तालाई प्रयोग गर्न सहज हुने गरि हात धुने बेि शौचालयमा बनाइएको हुनुपर्नेछ ।<br>• हात धुने बेसिनमा हात धुने साबुन (याथासक्य झोल थिचेर आफै निस्कने) त सफा पानीको उपलब्धता हुनु पर्दछ । |
| शौचालय परिसर | • शौचालय तथा शौचालय परिसर सफा तथा सुख्खा हुनुपर्दछ ।<br>• शौचालय दुर्गन्ध रहित हुनु पर्दछ, यसको लागि फिने चक्की वा आडोनिल रारि पर्दछ । |


| | |
|---|---|
| शौचालय संरचना | • शौचालय निर्माण गर्दा खुला, हावा आवागमन गर्ने हुनु पर्दछ । <br> • पुरुष शौचालयबाट महिला शौचालय प्रत्यक्ष नदेखिने गरि आवतजावत गर्ने निर्माण गर्नुपर्दछ । |
| सेप्टिक ट्यांक | • शौचालयको मलमुत्र विसर्जन गर्नको लागि निर्माण गरिने सेप्टिक ट्यांक लि नहुने गरि निर्माण गरिनु पर्दछ । <br> • सेप्टिक ट्यांकको नियमित सफाइ गरि मलमुत्रको तोकिए बमोजिम विसर्जन व्यवस्था गर्नुपर्दछ । |

**अनुसूची-२**

**(दफा ११ को उपदफा (२) साग सम्बन्धित)**

**हात स्वच्छता अनुगमन चेक लिस्ट**

| **चेक लिस्ट** | **छ** | **छैन** | **सुधार गर्नुपर्ने विषय** |
|---|---|---|---|
| भान्छामा हात धुनको लागि व्यवस्था गरिएको छ छैन | | | |
| शौचालयमा हात धुनको लागि बेसिन छ छैन | | | |
| हात धुनको लागि भान्छामा साबुन राखिएको छ छैन | | | |
| हात धुनको लागि शौचालयमा साबुन राखिएको छ छैन | | | |
| हात धुने स्थानमा पानीको उपलब्धता छ छैन | | | |
| हात पुछ्नको लागि सफा रुमाल राखिएको छ छैन | | | |
| सार्वजनिक वा सामुदायिक शौचालयमा ड्रायर वा कागजी रुमाल राखिएको छ छैन | | | |
| सार्वजनिक वा सामुदायिक शौचालयमा प्रयाप्त संख्यामा हात धुने स्थान बनाइएको छ छैन | | | |
| कार्यालय परिसरमा हात धुने स्थान छ छैन | | | |
| विद्यालय परिसरमा हात धुने स्थान छ छैन | | | |
| उद्योग, कारखाना वा व्यापारिक प्रतिष्ठान परिसरमा हात धुने व्यवस्था छ छैन | | | |



**आज्ञाले**

**भक्त बहादुर मल्ल**

**प्रमुख प्रशासकीय अधिकृत**



खण्ड ६ (संख्या १३) फाल्गुन ४ गते २०८०